# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(संघीय मामिला तथा सामान्य प्रशासन महा- निर्देशनालय)**

पत्र संख्याः- २०७५।७६-		मितिः- २०७५।१२।२५
च.नं.

श्री प्रमुखज्यू,
विष्णुपुर गाउँपालिकाको कार्यालय,
सिरहा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट विष्णुपुर गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी**: आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**: प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**: कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५ करोड २६ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९६ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.५ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८० लाख १६ हजार र पेश्की रु.३ करोड ४५ लाख ६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २६ (छव्विस) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**: कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# विष्णुपुर गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालीका अर्न्तगत ५ वडा रहेको ३१ सभा सदस्य व.की.मी.क्षेत्रफल, जनसंख्या, २ नम्बर प्रदेशमा अवस्थित छ ।

१. **स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम विष्णुपुर गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **ग**त वर्षको जिम्मेवारी | ६७,४१,७१७१२ | १ | चालु खर्च | ९,९४,४१,७०३। |
| | क) नगद | | | क)बितियसामानिकरण चालु खर्च | |
| | ख) बैंक ६७,४१,७१७१२ | | | ख)ससर्श अनुदान चालु खर्च | ४,६१,१५,४२७ |
| २ | **राजस्व (आन्तरिक आय)** | २१,१६,५२३। | | १) कृषी र पशु १६,३६,३६०। | |
| | क) आन्तरिक राजस्व १०,५२,३२३। | | | २) एकिकृत स्वास्थ्य चालु ११६,५६,५५०। | |
| | ख) राजस्व बाँडफाँड | | | ३) एकिकृत शिक्षा चालु ३२८,५८,१२९ | |
| | ग) अन्य आय १०,६४,२००। | | | ग)अन्य अनुदान चालु खर्च महिला बिकास( | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | १) सामाजिक सुरक्षा | ३२०,६९,०००। |
| | क)वित्तीय समानीकरण अनुदान | ११,९५,९४,०००। | | Lgcdp चालु | २,००,०००। |
| | ख) सशर्त अनुदान | ५,२६,९४,०००। | | | |
| | ग) समपूरक अनुदान | | २ | पुजीगत खर्च | ५,६९,६७,१३३।३ |
| | घ) विशेष अनुदान | | | क)बितियसामानिकरण पुजीगत खर्च ५६९,४२,१३३ | |
| | ङ) स्थानिय शासन तथा सामुदायिक बिकास कार्यक्रम | २६१,३६०। | | ख) अन्य अनुदान पुजीगत जम्मा | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | Lgcdp पुजीगत - २५,०००। | |
| | क)वित्तीय समानीकरण अनुदान | | | ग) कन्टेन्जेन्सी खर्च पुजीगत | |
| | ख) सशर्त अनुदान | | ३ | बिशेष कोष खाता जम्मा खर्च | ५६०,९९३। |
| | ग) समपूरक अनुदान | | | क) बिपद व्यवस्थापन कोष खर्च ५६०,९९३। | |
| | घ) विशेष अनुदान | | | ख)कर्मचारी कल्याण कोष | |
| ५ | विभिन्न कोषतर्फको आय दैबी प्रकोप जि प्र का | १०,७५,०००। | | | |
| ६ | धरौटी आय | ४७०,०००। | | धरौटी फिर्ता | ४२६,०००। |
| ७ | अन्य अनुदान रकम | | | बैंक मौज्दात रकम | ५,७९०८,५७०।३१ |
| | क)सामाजीक सुरक्षा अनुदान | ३२०,६९,०००। | | ग २ १ संचितकोष खाता बैंक मौज्दात | |
| | ख) Lgcdp चालु | २,००,०००। | | ग २ २चालु खर्च खाता बैंक मौज्दात | |
| | ग) Lgcdp पुजीगत | २५,०००। | | ग २ २ पुजीगत खर्च खाता बैंक मौज्दात २३२३२८६६।६८ | |
| ८ | ग) ब्याज प्राप्ति | | | धरौटी खाता बैंक मौज्दात ४४,०००। | |
| ९ | बिभिन्न कोष कर कटी दाखिला बाँकी | | | प्रकोप व्यवस्थापनकोष खाता बैंक मौज्दात २४३९००७ | |
| १० | अन्य आम्दानी | ५७,८००। | | | |
| ११ | जनसहभागिता (नगद) | | | | |
| | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| | लगानीको साँवा फिर्ता | | | | ३१५,०९८,३०४।६१ |
| | **जम्मा** | २१,५३,०४,४००। | | **जम्मा** | २१,५३,०४,४००। |

लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यबस्थापनको रहेको छ । इकाइगत लेखापरीक्षण योजना र पेश भए सम्मका श्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर यस गाउँपालिकाको पदाधिकारीहरु संग मिति २०७५।११।१७ मा छलफल पश्चात कायम भएका व्यहोराहरुको प्रारम्भिक प्रतिबेदन निम्नानुसार रहेका छन् :

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २. | **आन्तरिक लेखापरीक्षण:** आर्थिक कार्यविधि नियमावली, ०६४ को नियम ९६ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्ने सो नभएमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण गराउनु पर्नेमा आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐन नियमको व्यवस्थाको पालना नगर्नाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र लागत बढी लाग्न जाने हुन्छ । अत: ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउन ध्यान दिनु पर्दछ । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४।९।३० मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिएन । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| ४. | **वजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउसभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७४ पुष ३० गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न ध्यान दिनुपर्दछ । | |
| ५. | **योजना सञ्चालन स्थिति-** वित्तीय समानिकरण तर्फ वडास्तरीय योजनामा रु. १ करोडका दरले तथा गाउँपालिका स्तरीय योजनामा निम्नानुसार ५ वडाको ६ लाख १५ हजारका दरले र गाउँपालिकास्तरबाट समेत चालुतर्फ र गाउँपालिकाबाट पूँजीगत योजनातर्फ रु. ११,९५,९४,०००।- बजेट विनियोजन गरेकोमा चालु खर्चमा वडा कार्यालयले ६ लाख १५ हजारका दरले रु. २,१४,०९,४७८।- र पूँजीगत तर्फ रु. ५,६९,६७,१३३.३० खर्च भएको देखियो । बजेट बाँडफाँड अनुसार चौमासिकगत रुपमा योजना तथा कार्यक्रम कार्यान्वयन नगरी जेष्ठ आषाढमा मात्र बजेट खर्च गरेकोले गुणस्तरिय काम भएको भनी विश्वस्त हुन सकिएन । | |

| कार्यक्रम | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | मोटरसाइकल, जीप, टिपर जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| गा.पा.स्तरीय योजना | | | | | | | ४८ |
| योजना सम्पन्न | | | | | | | ३७ |
| बजेट | | | | | | | ४३९२५१९० |
| खर्च | | | | | | | ३१३५०१२९ |
| वडा स्तरीय योजना | २२ | २० | २२ | १७ | २७ | - | १०८ |
| बजेट | १ करोड | १ करोड | १ करोड | १ करोड | १ करोड | | ५0000000 |
| खर्च | ६०९०३२० | ५१५१३६९ | ५४९९६५६ | ३६२००७८ | ५२७८१२७ | | २५६३९५५० |
| | | | | | | जम्मा | ५६९८९६७९ |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६. | योजना बाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन । वडास्तरिय कूल योजना १०८ र गाउस्तरिय योजना ४८ रहेका छन । ५ वडामा १०८ योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठूला पूर्वाधारजन्य योजना छनौट गरी सञ्चालन गर्न ध्यान दिनु पर्दछ । | |
| ७. | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरीने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धी निर्देशिका तयार गरेको छैन । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । सभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षण गरेको छैन । आन्तरिक लेखापरीक्षण गरी कारोवारको समग्र स्थिति प्रतिवेदन पेश गर्नुपर्नेमा अन्तिम लेखापरीक्षणको समयमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको र प्रतिवेदनमा उल्लेखित व्यहोराहरु फछ्र्यौट गरेको छैन । अतः लेखा समिति गठन गरी हिसावको परीक्षण तथा कारोवारको आन्तरिक लेखापरीक्षण प्रतिवेदनका व्यहोरामा सुधार गर्ने तर्फ ध्यान दिन आवश्यक छ । | |
| ८. | **श्रोत अनुमान तथा वजेट सीमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । कूल १५६ योजना छनौट गर्दा प्राथमिकीकरण गरेको देखिएन । | |
| ९. | **वजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । विषयगत क्षेत्रसँग सम्वन्धित तथा वडा र गापाको सार्वजनिक निर्माण सँग योजना दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि ध्यान दिनुपर्दछ । निम्न बजेट उपशिर्षको निकासा खर्चको स्थिति निम्नानुसार छन् : | |

| सि.नं. | विषय | वजेट | निकासा | खर्च | वाँकी | कोष फिर्ता |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय स्वायत्त चालु | ४६००००/- | २५०००/- | २५०००/- | - | - |
| २ | स्थानिय स्वायत्त पूँजिगत | ६०००००/- | २०००००/- | २०००००/- | - | - |
| ३ | सशर्त अनुदानतर्फ | ५२६,९४,०००/- | ५२६,९४,०००/- | ४६१,१४,४२७/- | ६५७८५७३/- | - |
| ४ | सामाजिक सुरक्षा | ३२०,६९०००/- | ३२०,६९०००/- | २९६४२४००/- | २४,२६,६००/- | - |
| | जम्मा | | | | ९००५१७३/- | |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १०. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकालाई सशर्त अनुदान तर्फ रु. ५२६,९४,०००/- बजेट निकासा भएकोमा रु. ४६१,१४,४२७/- मात्र खर्च भई रु. ६५७८५७३/- बाँकी रहेको र सामाजिक सुरक्षा तर्फ रु. ३२०,६९०००/- निकासा भएकोमा रु. २९६४२४००/- खर्च भई रुँ २४,२६,६००/- बांकी रहेको देखियो । उक्त बाँकी रकम संघीय सञ्चित कोषको वेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | ९००५१७३.०० |
| ११. | **वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्दछ एवं प्रचलित कानुन पालना गरेको कुरामा विश्वस्त हुनुपर्ने र नियम ५ बमोजिम कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिति मूल्याङ्कन गर्दा ६१ अर्थात (धेरै राम्रो) बि ग्रेड प्राप्त भएको छ । वित्तीय जावाफदेहिताको मूल्यांङ्कनबाट देखिएको निम्न व्यहोरामा सुधार गर्नुपर्दछ ।<br>• वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८) र प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको,<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) बमोजिम जिन्सी मालसमानको निरीक्षण तथा लिलाम/मर्मत नभएको,<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५(२) बमोजिम उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको,<br>• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको,<br>• गुनासो पेटिकाको प्रयोग गरी गुनासो वा उजुरीको अभिलेख राखी सो को व्यवस्थापन नगरेको,<br>• वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको र राजस्वको लगत तयार नगरेको,<br>• पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको र वितरणमूखी कार्यक्रमलाई वढवा दिएको,<br>• स साना योजनालाई प्राथमिकता नअपनाएको,<br>• कोषहरुको कार्यविधि कानून नवनाएको,<br>• कर तथा शुल्कको ठोस आधार निर्माण नगरेको,<br>• संस्थागत क्षमता विकासमा पूर्ण रुपले प्रगति नगरेको,<br>• योजना छनौट भए तापनि सम्झौता भई कार्यान्वयनमा नल्याएको,<br>• उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,<br>• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमुखी र दायरालाई प्राथमिकीकरण वनाउन नसकेको<br>• प्राप्ती तथा भुक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>

- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको
- अवकास कोष सम्वधी कानूनी व्यवस्था पालना नगरेको,
- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,
- एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकिकृत लगत र निरीक्षण नगरेको,

नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । वित्तिय जवाफदेहिता सम्वन्धी सूचकांक यसै साथ संलग्न छ ।

</td><td></td></tr>
<tr><td>१२.</td><td>

**धरौटीः** धरौटी आय रु.४,७०,०००.०० मा यो वर्ष रु.४,२६,०००.०० फिर्ता गरी रु.४४,०००.०० मौज्दात वाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष वाइज आयू वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दातमा साथै ल्याएको, धरौटी राख्नेको पुरा विवरण नखुलाएको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरीनू पर्दछ ।

</td><td></td></tr>
<tr><td>१३.</td><td>

**स्थानीय तथ्यांक र अभिलेख -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । गा.पा.को GIS Mapping, Road Inventory प्रोफाईलिङ्गको सम्पूर्ण कार्य पुरा भएको देखिएन । सवै क्षेत्रको तथ्यांक संकलन गरी अभिलेखीकरण गर्न आवश्यक छ ।

</td><td></td></tr>
<tr><td>१४.</td><td>

**लक्ष्य प्रगतीको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका वडा स्तरिय तथा गा.पा.स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । गाँउपालिकाको वित्तिय प्रगती निम्नानुसार देखिन्छ :

<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>वजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>समानीकरण अनुदान (राजस्व र प्रदेश समेत)</td><td>११९५९४०००.००</td><td>७८३५१६११.००</td><td>६५.५१</td></tr>
<tr><td>२</td><td>सशर्त अनुदन</td><td>५२६९४०००.००</td><td>४६११५४२७.००</td><td>८७.५२</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१५.</td><td>

वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तिय प्रगती अपेक्षापूर्ण वनाउन आवश्यक छ । वित्तिय समानिकरण अनुदानमा व्यवस्था भएको वजेट अनुरुप कार्यक्रम संचालन गर्न योजनाहरु तय गरेतापनि योजना पूर्णरुपले सम्पन्न नगर्ने, योजना छनौट अनुरुप सम्झौता नगर्ने स्थितिले वजेट कार्यान्वयन गर्न नसेकेको देखियो । पूर्वाधारजन्य सम्पत्तिमा कार्यकुशलाताका साथ खर्च गरी वित्तिय प्रगति अपेक्षापूर्ण वनाउन ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>१६.</td><td>

**न्यायीक समिति -** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गाउँसभाले तोकेको २ सदस्य समेतको समिति गठन गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम पर्न आएका निवेदनको निर्धारित समयमा कारवाही प्रक्रिया पुरा गरी न्यायीक समितिले अपनाउने निर्णय तथा कारवाही टुङ्गो लगाउनु पर्ने देखिन्छ । न्यायीक समितिले तोकिए बमोजिम न्यायिक निरुपण गरी मुद्दा फछ्र्यौटमा सक्रियता ल्याउनुपर्दछ ।

</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १७. | **बक्यौता रकम असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ । मालपोत, व्यवसाय, प्राकृतिक श्रोत साधनको लगत हिसाव तयार गरीनुपर्दछ । | |
| १८. | **रसिद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ । | |
| १९. | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरीएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २०. | **बरबुझारथ -** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन । पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्न उल्लेखित विवरण लिई एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| २१. | **स्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको सम्पूर्ण विवरण खुल्ने प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २२. | **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता | |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने, जस्ता कानूनले तोकेका कार्य पूर्णरुपले अवलम्वन गरेको देखिएन । लेवर र मेटेरियलको अंश नमिलाउने, समानुपातिक योजना नरहने , समयमा कार्य सम्पन्न नगर्ने , उपभोक्ताको योगदान कम रहने जस्ता व्यहोरा परिक्षणमा देखिएका छन । यसमा सुधार गरीनुपर्दछ । | |
| २३. | **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरीनुपर्दछ । | |
| २४. | **अवकास कोष -** पालीकाले स्थानीय सेवाको कर्मचारीको निजको सेवा शर्त सम्बन्धीकानून वमोजिम अवकाश हुदाँ प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृति भरण , औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त अवकास कोषमा स्थानयि तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलववाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी जम्मा समेत गर्नुपर्ने व्यवस्था छ । सेवा वा पदवाट कर्मचारी अलग हुदाँ उक्त कोषवाट खर्च लेखी सुविधा उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा उल्लेख छ । ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिक देखि १० प्रतिशतको योगदान व्यवस्था अपनाउनुपर्नेमा अपनाएको देखिएन । कानूनको व्यवस्था तत्काल पालना गरीनुपर्दछ । | |
| २५. | **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २६. | **सवारी साधन -** यो वर्ष सवारीका साधन खरिद गर्न रु. १ करोड ७५ लाख वजेट व्यवस्था गरेकोमा १ वटा एक्साभेटर, स्कर्पियो जीप १, टिपर १ र मोटरसाइकल ४ खरिद गरी रु. १ करोड ४६ लाख ३४ हजार ३०५ खर्च गरेको छ । उक्त सवारी साधनहरु खरिदमा बोलपत्र विधिको आधारमा खरिद गरेको छ । ख कार्यालयले कार्यालय प्रयोजनको लागि आन्तरिक स्रोत समेतवाट गाडी मोटरसाइकल जस्ता सवारी साधनहरु खरिद गर्नुपूर्व सरकारी व्ययभार थप हुने विषयमा अर्थ मन्त्रालयको सहमती लिनु पर्ने व्यवस्था छ । कार्यालयले खरिद गर्दा अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । खरिद सम्पतिको संरक्षण गरी इन्धन खर्चको मापदण्ड र लगवुक व्यवस्थित गर्नुपर्दछ । | |
| २७. | **तलवी प्रतिबेदन -** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले सम्पूर्ण कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २८. | **प्राकृतिक तथा व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गनुपर्नेमा व्यवसायीहरुको लगत राखेको र सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा पालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको | |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २९. | **कार्यविधी -** पालीकाले संचालन गरेको योजनाहरु मर्मत संभार गरी दीगो व्यवस्थापन गर्न मर्मत कोष खडा गरेको छैन । कोषको कार्य संचालन कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कोष परिचालन गर्नु आवश्यक छ । त्यस्तै विपद व्यवस्थापनको समेत कार्यविधि वनाएको छैन । आवश्यक पर्ने कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनु पर्दछ । | |
| ३०. | **दोहोरो योजना -** गापा स्तरिय र वडा स्तरिय गरी योजना वाडँफाँड गरेकोमा एउटै प्रकृतिका योजना गापा र वडामा दोहोरो रुपमा वाँडफाँड गर्नु उपयूक्त देखिएन । गापास्तरिय र वडा स्तरिय भन्नु समग्र रुपमा नगरपालीका अर्न्तगतका योजना हुने हुदाँ दोहोरो रुपमा योजना तय गरी रकम वाँडफाँड गर्दा कार्यमा समस्या, रकमको वर्गिकरण तथा वितरणमा असर पर्ने देखिन्छ । गापा स्तरिय र वडा स्तरिय योजनामा दोहोरो परेका सरसफाई, विपद व्यवस्थपन, आकस्मिक , खेलकुद, पुर्नस्थापना, पर्यटन प्रवर्द्धन , कला संस्कृति, शैक्षिक गुणस्तर आदि रहेका छन । वडा स्तरिय कार्यमा उपरोक्त योजनामा रकम वाँडफाँड र स्वीकृत भएतापनि गापास्तरिय योजनामा यस्ता कार्यक्रमको लागि वजेट छुट्याएको देखिँदा दोहोरो नपर्ने गरी योजना छनौटमा ध्यान दिन आवश्यक छ । | |
| ३१. | **कर व्यवस्था -** एकिकृत सम्पत्ति करको व्यवस्थापन हुन नसकेको, घर वहालको हकमा लगत तयार नगरेवाट वहाल करको असूली न्यून रहेको , गापाक्षेत्र भित्र व्यापार , व्यवसाय सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा कर लगाउने व्यवस्था अनुरुप पेशा व्यवसायको लगत तयार नगरेको, जडीवुटी, कवाडी र जीवजन्तु करको आय ठेक्का व्यवस्थापन नगरेको, सवारी साधन कर व्यवस्थापन नभएको र आर्थिक वर्ष २०७४।७५ मा शुल्क नउठेको, पार्किङ्ग शुल्कवाट आय प्राप्त नगरेको अवस्था छ । आय प्राप्तीको दायरा वृद्धि गरी राजस्व संकलनमा लक्षित स्थिति पुरा गर्न आवश्यक देखिन्छ । | |
| ३२. | **जिन्सी तर्फ** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफनो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा ७ (सात) दिन भित्र आम्दानी वाँधि श्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । नियममा भएको व्यवस्था अनुसार गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु, कृषि तथा पशुसेवा केन्द्र, उपकेन्द्रहरु सम्वन्धित मन्त्रालयबाट गाउँपालिकामा नै हस्तान्तरण भई आएकोले ति संस्था तथा केन्द्रहरुमा मौज्दात रहेका फर्निचर तथा मेसिनरी औजार उपकरणहरु गाउँापालिकाको जिन्सी खातामा आम्दानी जनाउनु पर्नेमा आम्दानी जनाएको देखिएकोमा जिन्सी सामनहरु एकिन गरी गाउँपालिकाको जिन्सी खातामा आम्दानी जनाउनु पर्दछ | |
| ३३. | कार्यालयले खरिद भई प्राप्त खप्ने जिन्सी सामानहरुको प्रचलन अनुसार १० वर्षसम्म एउटै जिन्सी खातामा आम्दानी जनाउनुपर्दछ र कार्यालयले जिन्सी सामानहरुको अभिलेख राख्दा सामानको प्रकार, साइज, मोडल, कलर आदि स्पेसिफिकेसन समेत खोली प्रष्टसंग राख्नुपर्दछ । कार्यालयले साना साना २ भन्दा बढी जिन्सी खाताहरु राखेको पाइयो । एउटै प्रकृतिका सामान पनि विभिन्न कितावमा आम्दानी जनाउन सक्ने र जिन्सीको यथार्थ मौज्दात नदेखिन सकने हुनाले एउटै खातामा आम्दानी जनाउनुपर्ने देखिन्छ । | |
| ३४. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा लगत खडा गरी राखिएका जिन्सी मालसामान के कस्तो अवस्थामा छन्, कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्नु पर्ने र प्रतिवेदनमा उल्लेख भए अनुसार आम्दानी वाँध्न छुट भएका जिन्सी सामान आम्दानी वाँध्न लगाउनु पर्ने र मर्मत संभार गर्नुपर्ने सामानहरु मर्मत गरी अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट जिन्सी निरीक्षण गरे गराएको देखिएन | |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | । अतः नियममा भएको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी गराई आम्दानी छुट भएका भए आम्दानी वाध्ने र मर्मत संभार गर्नुपर्ने भए मर्मत संभार गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । | |
| ३५. | **आम्दानी तर्फ -** गाउँपालिकाले मालपोत, सिफारिस, जन्म, मृत्यु, वसाई सराई वापत विभिन्न आम्दानी गर्ने गरेको छ । गाउँपालिकाले नगदी रसिद छपाई जिन्सी आम्दानी जनाएको छैन र रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुलाई रसिद वुझाई रसिद प्रयोगबाट भएको आम्दानी प्राप्त गरी म.ले.प.फा.नं. १०८ मा प्रविष्ट गरेको छैन । गाउँपालिकाका वडा कार्यालयहरुले समय समयमा गाउँपालिकाको कोष खातामा रकम जम्मा गरी दिएको आधारमा हिसाव गर्दा देहाय अनुसार आम्दानी गरेको देखिन्छ ।<br><br>गाउँपालिकाले आन्तरिक आम्दानी बढाउन आम्दानीको श्रोत पहिचान गर्नु पर्दछ र प्राप्त भएको आम्दानीलाई हिनामिना र हानी नोक्सानी हुन नदिने व्यवस्था हुनुपर्दछ । वडा कार्यालयहरुले २०७४ श्रावण देखि प्रयोग गरेका रसिदको आम्दानी एकिन गरी उनीहरुले रकम जम्मा गरेको भन्दा वढी आम्दानी भएको भए प्राप्त गरी आम्दानी जनाउन प्रयोग भएका रसिदबाट उठेको रकम म.ले.प.फा.नं १०८ मा पोस्टींङ्ग गर्ने र वडा कार्यालयमा भएका मालपोत र नगदी रसिद एकिन गरी उनीहरुलाई वुझाउने र खर्च भएका रसिदको रकम अद्यावधिक अभिलेख राखी आम्दानी जनाउनु पर्दछ । रसिद नियन्त्रण खाता अनिवार्य रुपले राखी आवश्यक पर्ने रसिदहरु वडा कार्यालयलाई उपलब्ध गराई म.ले.प.फा.नं. १०८ र २३ मा अभिलेख राखी आम्दानी व्यवस्थित गर्नुपर्दछ । | |
| ३६. | **गाउँसभा ०७४/०७५ -** बाट प्रत्येक वडालाई समानरुपमा कार्यालय सञ्चालन खर्चको लागि रु.६१५,०००।- दरले १२ खर्च शीर्षकमा बाँडफाँड गरी बजेट विनियोजना गरेको छ । वडा कार्यालयको सञ्चालन खर्चको लागि वडाध्यक्षलाई पेश्की दिई निजहरुबाट बजेट बराबर खर्च भएको विल भरपाई पेश गरी यस वर्ष ८ वडामा रु.३०,७५,०००।- खर्च गरको देखियो । वडा कार्यालयको क्षेत्र भित्रका विकास निर्माण कार्यहरु, लक्षित वर्ग कार्यहरु लगायत मेशिनरी उपकरण, फर्निचर फिक्सचर्स, मसलन्द तथा छपाई कार्यहरु, भ्रमण खर्च, अनुगमन कार्य जस्ता सम्पूर्ण सञ्चालन र विकास कार्यक्रम गाउँसभाबाट स्वीकृत बजेट र कार्यक्रमको परिधि भित्र रही गाउँपालिकाबाट नै खर्च गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयको सञ्चालनका लागि गाउँपालिकाबाट तत्काल कर्मचारी खटाई सामान ल्याउन नसकिने र वडामा आउने अतिथिहरु तथा कर्मचारीलाई चियापान र सानातिना खर्चको लागि सानो रकम वडा सचिवको जिम्मामा सानो नगदी कोष मार्फत उपलब्ध गराई बिल भरपाई प्राप्त भए पछि सोधभर्न दिने गरी वडा कार्यालयको सञ्चालन खर्चलाई नियन्त्रण गर्नुपर्दछ । विकास निर्माणका योजना तर्जुमा गरी खर्चको अनुगमन र नियन्त्रण गरी सुशासन कायम गराउने जिम्मेवार जनप्रतिनिधिहरु स्वयमबाट बजेट खर्च गराई जनप्रतिनिधिलाई भुक्तानी दिने कार्य उपयुक्त र नियम संगत देखिएन । | |
| ३७. | भ्रमण खर्च नियमावली, २०६४ मा २० कि.मि. भित्र भ्रमण तथा अनुगमन गर्दा भ्रमण तथा अनुगमन भत्ता भुक्तानी गर्न नमिल्ने र प्रदेश नं. २ को स्थानीय तहका पदाधिकारी तथा सभाका सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा मासिक परिश्रमिक भत्ता सुविधा पाउनेलाई बैठक भत्ता दिन नमिल्ने भनी अनुसूची १ मा बैठक भत्ता महलमा रकमको व्यवस्था गरेको छैन । वडा कार्यालयमा सञ्चालन बजेट रु. ६१५,०००।- मध्ये फिल्ड भत्तामा रु. १०,०००।-, अन्य भत्तामा रु.३०,०००।- र बैठक भत्ता रु. ७५,०००।- समेत रु. ११५,०००।- दरले ८ वडा कार्यालयले रु. ५,७५,०००।- भत्तामा र ८ वडा कार्यालयको लागि मसलन्द तथा कार्यालय सामाग्रीमा रु. ३००,०००।- दरले रु. १५,०००००।- बजेट अनुसार खर्च गरेको विल भरपाई पेश गरी खर्च लेखेको देखियो । वडा कार्यालयको लागि मसलन्द तथा कार्यालय सामाग्री रु. ३००,०००।- दरले बजेट विनियोजन गरी सोही बराबर खर्च गर्नुपर्ने आधार स्पष्ट नभएकोले अत्याधिक मात्रामा खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । त्यसैगरी प्रदेश नं २ को पदाधिकारी तथा सभा सदस्यहरुको निर्वाचित भए देखि नै सदस्यले रु.७,०००।- देखि गा.पा. अध्यक्षले रु. ३२,५००।- मासिक पारिश्रमिक सुविधा भुक्तानी दिएकोले ५ वडामा अध्यक्ष तथा सदस्यहरुलाई बैठक भत्ता भुक्तानी गरेको अनियमित देखिएकोले सम्बन्धितबाट करकट्टी असुरउपर गर्नुपर्ने रु. | ३१८,७५०/- |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>३८.</td><td>गाउंपालिकामा कार्यरत कर्मचारीहरुलाई गाउंसभाको निर्णयबाट आन्तरिक श्रोतको आम्दानीबाट व्यहोर्ने गरी पुरस्कार तथा प्रोन्साहन खर्च दिनुपर्दछ । बित्तीय समानिकरण अनुदानबाट निजामति कर्मचारी वडा सचिव जयकुमार यादवलाई वडा नं. २ र  को कार्य सञ्चालन गर्दा कार्यबोझको कारण जनाई ०७४।९।१८ को  निर्णयले २०७४ श्रावण देखि आषाढसम्म १३ महिना बराबर मासिक रु. ५,०००.०० का दरले रु. ६५,०००.०० भुक्तानी गरेको देखियो । नेपाल सरकारलाई व्ययभार पर्ने विषयमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ अनुसार अर्थमन्त्रालयको स्वीकृति नलिई भुक्तानी गरेको अनियमित देखिन्छ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>स्थानीय तहको पदाधिकारी तथा  सदस्यहरु २०७४।६।१० मा निर्वाचित भएकोमा ०७४।९।१८ को कार्यपालिकाको निर्णयबाट श्रावण देखि पुष १८ सम्म र १३ महिनाको प्रोत्साहन भत्ता भुक्तानी गरेकोले १ महिनाको बढी  समेत ६ महिना १७ दिन महिनाको रु. ३२,८३३.०० बढी भुक्तानी गरेको छ । वडा सचिव जयकुमार यादवलाई बढी भुक्तानी भएको १% करकट्टी वाहेक असुलउपर गर्नुपर्ने रु.</td><td>३२५०५.००</td></tr>
<tr><td>४०.</td><td>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगारदाताले रोजगारी आयमा समावेश गरी १, १५ र २५% दरले कर गणना गरी प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्दछ । ना.सु. जय कुमार यादवलाई १५% कर रु.९,७५०।- कट्टा गरी प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्नेमा १% मात्र कट्टी गरेको देखियो । अग्रिम पारिश्रमिक कर नपुग रु.९,१००।- मध्ये प्रोत्साहन भत्ता रु. ३०,०००।- को करकट्टी नपुग रु ४२००।- असुलउपर गर्नुपर्ने रु.</td><td>४२००.००</td></tr>
<tr><td>४१.</td><td>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा गाउंपालिकालाई आर्थिक सहायता दिने र सुभकामना तथा सम्वेदनाको खर्च लेख्न पाउने व्यवस्था गरेको छैन । गाउपालिकाले निम्न भौचरबाट आर्थिक सहायता र शुभकामना खर्च बापत ३,१८,०००.०० खर्च लेखेको देखियो । यस किसिमको वितरणमुखी र प्रचारमुखी कार्यक्रमलाई नियन्त्रण गरी पूर्वाधारजन्य बिकास निर्माणको  कार्यमा खर्च गर्न ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भो.नं.</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१०/०७४/६/३१</td><td>बाढीले घर भत्काएको भनी त्रिपाल र खाद्य सामग्री बापत</td><td>८५००/००</td></tr>
<tr><td>१३-०७४/७/२८</td><td>विष्णुपुर दुर्गा मेला</td><td>५०,०००/-</td></tr>
<tr><td></td><td>इन्द्रमेला राजपुर</td><td>३५०००</td></tr>
<tr><td></td><td>लक्ष्मी मेला थलकटा....</td><td>२५०००/-</td></tr>
<tr><td>२४/०७४/९/४</td><td>दुर्गा मन्दिर मेला मन्दिर मर्मत</td><td>७००००/-</td></tr>
<tr><td>१२-०७४/७/२०</td><td>आधारभूत प्रा.वि. रजोखरलाई जितिया पर्व मनाउन</td><td>३५०००/-</td></tr>
<tr><td>४०-०७४/९/१९</td><td>कुमार वापवान प्यारालाईसिस उपचार</td><td>५०००/-</td></tr>
<tr><td>७३/०७५/१/२७</td><td>वडा नं. ४ का ३ बिद्यालयलाई सरस्वती पूजाका दिन खानाखाजा बापत</td><td>३१०००/-</td></tr>
<tr><td>९५/०७५/२/१७</td><td>अनुकल्प दैनिकमा नयां वर्षको शुभकामना सन्देश</td><td>५०००/-</td></tr>
<tr><td>१००-०७५/२/२४</td><td>सेवा विर्वत राष्ट्रसेवक कर्मचारी संघ के का. वागबजार</td><td>३५००/-</td></tr>
<tr><td>१०७-०७५/२/२९</td><td>दिव्यज्योती जागृती संस्था नेपाल विष्णुपुरलाई शिव कथा महायज्ञ सञ्चालन</td><td>५००००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.</td><td>१८०-०७५/३/२७ आर्थिक कार्यविधि नियावली,२०६४ को नियम ४७ मा खरिद गरी वा अन्य कुनै निकायबाट प्राप्त मालसामान मूल्य समेत खुलाई ७ नि भित्र जिन्सी खातामा आम्दानी जनाई लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले वाल पंखा २ थान ९०००।- र बोर्ड १ थान ५००।- समेत  बिक्रेताको दस्तखत नभएको बिलका सामानहरु रु. ९५००/- मा खरिद, गरेकोमा जिन्सी खातामा दाखिला गरेको देखिएन । जिन्सीमा दाखिला नगर्दा मालसामान हराउन र हिनामिना पनि हुन सक्ने भएकोले जिन्सीमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>९५००.००</td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४३. | १४९-०७५।३।२१ - सरकारी सूचना, विज्ञापन, लेखहरु गोरखापत्र, कान्तिपुर लगायत पत्रिकामा प्रकाशन गरे वापत २५% छुट दिने व्यवस्था छ । गाउँपालिकाले बोलपत्र सम्बन्धी सूचना काठमाण्डौ पोष्टमा ०७५।१।९ र ०७५।२।३१ मा प्रकाशन गरे वापत पूर्वेली एडभरटाईजिङ्ग विराटनगर-४ लाई रु.२१२,४४०।- भुक्तानी गर्दा २५% ले रु.४७,००।- छुट लिएको देखिएन । सरकारी सूचना तथा विज्ञापन प्रकाशन गर्न वार्षिक रुपमा दररेटमा प्रतिष्पर्धा गराउन सकिने र गोरखापत्रमा प्रकाशन गर्दा २५% छुट पाउने हुँदा सरकारी निकायले सो बाराबर छुट लिएर मात्र कार्य गराउन ध्यान दिनुपर्दछ । सरकारी वा संस्थागत छुट वापत पाउनुपर्ने मू.अ.कर समेत बढी भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु. | ५३,११०/- |
| ४४. | १५०।०७५।३।२१ : सार्वजनकि खरिद नियमावली, २०६४ को नियम १९ मा सरकारी निकायले रु.२०,०००।- भन्दा बढीको मालसामान, परापर्श सेवा, अन्य सेवा खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विकास निर्माण, व्यक्तिगत घटना, सामाजिक सुरक्षा भत्ता वितरण लगायत सूचनाहरु ०७४ माघ देखि आषाढसम्म प्रकाशन गरेको भनी अपन दैनिक सिरहालाई रु.७२,०००।- भुक्तानी गरेकोमा मू.अ.कर बिजक पेश गरेको छैन । गाउँपालिकाको के कुन सूचना कहिले प्रकासन गरेको र सूचना प्रकाशनको मात्रा तथा सूचना प्रकाशन नभएको दिनको शुल्क लाग्ने नलाग्ने बारेमा कुनै उल्लेख नगरेको र पत्रिकोका कटिङ्ग अभिलेख राखेको नपाईएकोले खर्च लेख्ने आधार स्पष्ट गरी नियन्त्रण गर्नुपर्ने देखियो । गोरखापत्रसंस्थान लगातय पत्रिकाले २५% छुट दिनेमा स्थानीय पत्रिकाको दररेट सस्तो भएको भनी दररेटमा प्रतिस्पर्धा नगराई खर्च लेखेको उपयुक्त र नियमसंगत नभएकोले छुट लिने गरी सम्झौता गर्नुपर्दछ । मू.अ.कर विजक नभएको सेवा शुल्क १५% कर रु. १०,८००।- लाग्नेमा रु.१०८०।- मात्र करकट्टी गरेकोले नपुग कर असुलउपर गर्नुपर्ने रु. | ९७२०/- |
| ४५. | भौ.नं.४४।०७४।१२।१९,१२९।०७५।३।१२, १९२।०७५।३।२७ - प्रदेश नं.२ का स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ र अन्य कुनै ऐन नियममा गाउंपालिकाका पदाधिकारी तथा सभाका सदस्यलाइ पोशाक भत्ता दिने व्यवस्था छैन । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षलाई रु. ७,५००।- र सभाका सदस्यहरुलाई रु. ५,०००.०० का दरले पोशाक भत्ता वितरण गरी रु. १,६०,०००.०० खर्च लेखेको नियमसंगत देखिएन । निम्नानुसार ऐन नियममा व्यवस्था नभएको भत्ता भुक्तानी सम्वन्धितवाट करकट्टी वाहेक असुलउपर गर्नुपर्ने रु. | १५८४००.०० |

| सि.नं. | पदाधिकारी । सदस्यको नाम | पोशाक भत्ता (कर वाहेक) |
|---|---|---|
| | गा.पा.अध्यक्ष जागेश्वर यादव | ७४२५.०० |
| | गा.पा.उपाध्यक्ष अरहुलादेवी यादव | ७४२५.०० |
| | वडा अध्यक्ष गोपिन्द्र यादव | ४९५०.०० |
| | ,, रामइश्वर यादव | ४९५०.०० |
| | ,, जय कुमार यादव | ४९५०.०० |
| | ,, राज कुमार यादव | ४९५०.०० |
| | ,, कपिलदेव यादव | ४९५०.०० |
| | कार्यपालिका सदस्य पुनियादेवी पासमान | ४९५०.०० |
| | ,, ,, राजकुमारी महरा | ४९५०.०० |
| | ,, ,, दुखनीदेवी पासमा | ४९५०.०० |
| | ,, ,, जमुनादेवी चमैन | ४९५०.०० |
| | वडा सदस्य वडा नं. ५ वैजनाथ कामती | ४९५०.०० |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | ,, ,, | विनादेवी पासमान | ४९५०.०० |
| | ,, ,, | सेरदेवी हजाम | ४९५०.०० |
| | सदस्य | सुरेन्द्र साह | ४९५०.०० |
| | ,, | अमर प्रसाद यादव | ४९५०.०० |
| | ,, | किरणदेवी यादव | ४९५०.०० |
| | ,, | ववितादेवी यादव | ४९५०.०० |
| | सा.प. | लक्ष्मीप्रसाद पासमान | ४९५०.०० |
| | वडा नं. १ का ४ सदस्यहरु | | १९८००.०० |
| | वडा नं. ३ का ४ सदस्यहरु | | १९८००.०० |
| | वडा नं. ४ का ४ सदस्यहरु | | १९८००.०० |
| | | जम्मा | १५८४००.०० |

४६. १३४।०७५।३।१५ आयकर ऐन, २०५८ को दफा ८८ मा पटके पारिश्रमिक, भत्ता, परामर्श शुल्क, सेवा शुल्क, परीक्षा भत्ता, प्रश्नपत्र तयारी र उत्तर पुस्तिका परिक्षणमा अग्रिम कर कट्टी गर्न नपर्ने तर वार्षिक आयमा समावेश गरी कर तिर्नुपर्ने र प्रश्न पत्र परिमार्जनमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कक्षा ८ को परीक्षा संचालन खर्च वापत श्रोत व्यक्ति सवुरलाल चौधरीलाई रु.२,३३,०३०।- सोधभर्ना भुक्तानी गर्दा ऐनको उल्लेखित व्यवस्था अनुसार निम्नानुसार रु. ११,९२५.०० कर कट्टी गरेको देखिएन । ऐनको व्यवस्था अनुसार कर असुलउपर गर्नुपर्ने रु. — ११९२५.००

| पारिश्रमिक पाउनेको नाम | | वापत | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| गा.पा.अध्यक्ष जागेश्वर यादव | | अनुगमन | ५००० | ७५० |
| ,, उपाध्यक्ष अरहुलादेवी सिंह | | अनुगमन | ५००० | ७५० |
| वडाध्यक्ष गोविन्द्र यादव | | अनुगमन | ५००० | ७५० |
| प्र.प्र.अ. | रामप्रसाद यादव | परीक्षा अनुगमन | ८००० | १२०० |
| वि.नि. | रामलखन मण्डल | प्रश्नपत्र परिमार्जन | ८००० | १२०० |
| श्रोतव्यक्ति | सवुरलाल चौधरी | प्रश्नपत्र परिमार्जन | ८००० | १२०० |
| लेखापाल | शेखर पराजुली | परीक्षा अनुगमन | ५००० | ७५० |
| शिक्षक १८ जनाको केन्द्राध्यक्ष गार्ड र केन्द्राध्यक्ष | | | ३३५०० | ५०२५ |
| अन्य २ जना | | परीक्षा संचालन | २००० | ३०० |
| जम्मा | | | ७९५००.०० | ११९२५.०० |

४७. १३४।०७५।३।१५ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा रितपुर्वकको विल भरपाई रहे नरहेको जाँच गरी खर्च स्वीकृत गरेर मात्र लेखा राख्नु पर्ने व्यवस्था छ । कक्षा ८ को परीक्षा संचालन वापत श्रोतव्यक्ति सवुरलाल चौधरीलाई रु.२,३३,०३०।- सोधभर्ना भुक्तानी गरेकोमा रु.१,७८,५५०।- को प्रश्न पत्र तयारी र परिमार्जन, वैठक भत्ता, केन्द्राध्यक्ष र शिक्षकको गार्ड भत्ता, उत्तर पुस्तिका र इन्धन खर्चको विल भरपाई रहेको देखियो । विल भरपाई भन्दा वढी खर्च लेखी भुक्तानी गरेको रकम सम्वन्धितवाट असुल उपर गर्नुपर्ने रु. — ५४४८०.००

४८. १५८।०७५।३।२५ आयकर ऐन, २०५८ को दफा ९० (१) मा अग्रिम करकट्टी गर्ने व्यक्ति, संस्थाले कर विवरण सहित अर्को महिनाको २५ गते भित्र आ.रा.का.मा दाखिला गर्नु पर्ने व्यवस्था छ । जागृती नेपाल कृष्णपुर-७ सिराहालाई गा पा अन्तर्गत वातावरण संरक्षण तथा सरसफाई सम्वन्धि सचेतनामूलक कार्यक्रम संचालन गरे वापत रु. १,९९,०७७।- भुक्तानी गर्दा प्रशिक्षण, भाडा वहाल, मालसामान खरिद कार्यमा रु.१०६५३।६१ कर कट्टी गरेकोमा रु. ३०६३।६१ मात्र दाखिला गरेकोले नपुग कर असुलउपर गर्नुपर्ने रु. — ७५७०.००

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४९. | ७०७४।६।३१ कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर जग्गा, सवारी साधन लगायतको सम्पत्तीलाई चालु हालतमा प्रयोग गर्न मर्मत संभार गरी खर्च गर्न सक्दछ । गा पा अध्यक्ष श्री जागेश्वर यादवले भाडामा लिएको वा १४ च २०४६ को गाडी मर्मत गर्न रु.६५०००।- र इन्धन खर्चको लागि रु.४५०००।- समेत रु.११००००।- पेश्की लिएको देखियो । अन्य व्यक्तिको गाडि मर्मत गर्न नमिल्ने र मर्मत तथा इन्धन पेश्की असुल फछ्र्यौट भएको नदेखिएको रु. | ११००००.०० |
| ५०. | ५५।०७४।१२।२८ : वजेट तथा कार्यक्रमको परिधि भित्र रही माग फाराम, खरिद आदेश र दाखिला प्रतिवेदनका खर्च रकमका आधारमा खर्च स्वीकृत गरी लेखा राख्नु पर्दछ । गा पा ले ११ थान रातो त्रिपाल खरिद गरी रु.३४९९२।- खर्च लेखेकोमा भौचर साथ माग फाराम, खरिद आदेश र दाखिला प्रतिवेदन प्रति संलग्न गरेको तर स्टोर प्रमुख र कार्यालय प्रमुखले प्रमाणित नगरेको र वितरण गरेको भरपाई पेश भएको छैन । अतः उक्त त्रिपालको दाखिला र वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु. | ३४९९२.०० |
| ५१. | १३९।०७५।३।१८- भ्रमण खर्च नियमावली,२०६४ मा २० कि.मि भित्र भ्रमण खर्च, अनुगमन भत्ता भुक्तानी नपाउने उल्लेख छ । वडा सचिवले आफ्नो वडा भित्र जेष्ठ नागरिक, एकल महिला तथा अपांगको सामाजिक सुरक्ष सम्वन्धी पुरानो नामावली र नयाँ थप हुने नामावली विवरण संकलन गर्नुपर्ने कर्तव्य रहेकोमा १८ दिन सो कार्य गरेको भनी रु.१३१००।- फिल्ड भत्ता भुक्तानी गरेको देखियो । वडा सचिवलाई सामाजिक सुरक्षा अभिलेख अद्यावधिक गर्न विवरण संकलन गर्दाको फिल्ड भत्ता दिन मिल्ने आधार नदेखिएकोले निजवाट असुल उपर गर्नुपर्ने रु. | १३१००.०० |
| ५२. | १९२।०७५।३।२५- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामान कार्यालयले खरिद गरी वा अन्य कुनै किसिमले प्राप्त भएमा ७ दिनभित्र आम्दानी बाँधी लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ । वडा नं २ ले कार्यालय सञ्चालन बजेटबाट रु.८१,७४९।२१ को काठको टेबुल १ थान, स्टिलको टेबुल १ थान, रिभल्भिङ चियर २ थान र कार्पेट तथा डोरमेट रु.६४४१।- समेत खरिद गरेकोमा वडा कार्यालयले जिन्सी खाता पाना नं खाली राखेको दाखिला प्रतिवेदन पेश गरेको छ । गाउँपालिकामा दाखिला गरी वडाले बुझेर लैजानु पर्नेमा गाउँपालिका तथा वडा कार्यालयमा दाखिला भएको नदेखिएकोले दाखिला गरी सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्ने रु. | ८१७४९/२१ |
| ५३. | १३१।०७५।३।१२- प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा निर्वाचित वा मनोनित भएको मिति देखि आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरे बमोजिमको सुविधा वा भत्ता पाउने र दफा ४ मा मासिक सुविधा पाउनेले बैठक भत्ता नपाउने उल्लेख छ । दोश्रो गाउँ परिषद २०७५ आषाढमा पदाधिकारी तथा सदस्यहरुलाई लगायतलाई रु.१४८०००।- बैठक भत्ता भुक्तानी गरेको देखियो । ऐनको उल्लेखित व्यवस्था अनुसार सभाका सदस्यले रु. ७०००।- देखि गा.पा. अध्यक्षलाई रु. ३१५००।- दरले मासिक पारिश्रमिक भत्ता भुक्तानी गरेकोमा बैठक भत्ता कट्टी गरेको देखिएकोले उक्त बैठक भत्ता अनियमित भएकोले कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु. | १,२५,८००/- |
| ५४. | दोश्रो गाउँसभाको बैठक भत्ता लगायतका खर्चका लागि स.ले.पा. गंगाराम मण्डलले लिएको पेश्की रु. १५०,०००।- फछ्र्यौट गरी रु. १५,०००।- सोधभर्ना समेत रु. १,६५,०००।- खर्च लेखेकोमा रु.१६३,५९०।- को मात्र बिल भरपाई रहेको देखियो । बिल भरपाई भन्दा बढी खर्च असुलउपर गर्नुपर्ने रु. | १४१०/- |
| ५५. | **पूजीगत प्रकृतिका खर्च** : पूँजीगत संरचना सम्बन्धी दिगोरुपमा प्रतिफल दिने, पूँजीको निर्माण हुने एवं वस्तु तथा प्राप्त सेवा र उपलब्धिको उपयोगिताको श्रृजना हुने गरी पूर्वाधार जन्य पूँजीगत योजना छनोट गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्दछ । गाउँपालिकाले | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>खर्चको, प्रकृति अनुसार पूँजी निर्माण हुने खर्चलाई पूँजीगत बजेटमा समावेश गर्नुपर्नेमा निम्नानुसार पूँजीगत प्रकृतिका रु. ७,३६,४५७ ।- फर्निचर एण्ड फिक्सचर्स, मेशिनरी उपकरण लगायतको मालसामान सञ्चालन (चालू) खर्चबाट खरिद गरी खर्च गरेको अनियमित देखिन्छ । बजेट निर्माण गर्दा पूँजीगत प्रकृतिको पूर्वाधारजन्य र पूँजी निर्माण हुने तथा खर्चको सार्थकता रहने प्रकृतिका खर्चलाई प्राथमिकता राखी पूँजीगत बजेटबाट खर्च गर्नु र वितरणकारी उपलब्धि र उपयोगिता कम हुने चालु प्रकृतिको खर्चमा नियन्त्रण गर्न ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भा.नं.</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>२९-०७४/९/१६</td><td>इन्भर्टर, प्रोजेक्टर, स्क्यानर र सोलार प्यानल खरिद</td><td>४,१९,५७१/-</td></tr>
<tr><td>३४-०७४/९/१६</td><td>दराज ५ थान, कुर्सी ७ थान, टेबुल ३ थान, थ्रि सटर ४ थान, प्लाष्टिक कुर्सी ५० थान, न्याक ८ थान</td><td>३,१६,८८६/-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७३६,४५७/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६.</td><td>२९।०७४।९।१६: मू.अ.कर ऐन, २०५२ को दफा १४ मा मू.अ.कर दर्तावाला व्यक्ति, संस्थाले रीतपूर्वकको सिलसिलेवार नम्बर भएको कर बिजक प्रापकलाई दिनुपर्ने व्यवस्था छ । लहान अफिस अटोमेशन सेन्टर लहान- ८ बाट इन्भर्टर प्रोजेक्टर रु.३५३,५७४।३५ मा खरि द गरी मू.अ.कर रु.४०,६७६।३५ समेत भुक्तानी गरेकोमा कर बिजक नं. लाई मेटेर १७३ मिति २०७४।९।७ गरेको देखियो । अतः उक्त कर बिजक नम्बरबाट मू.अ.कर दाखिला भएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु.</td><td>४०,६७६/३५</td></tr>
<tr><td>५७.</td><td>१४८।०७५।३।२७ : आयकर ऐन, २०५८ मा आकस्मिक आय वा पुरस्कार रकममा २५% कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका ३ कर्मचारीलाई उत्कृष्ट कर्मचारी पुरस्कार रु. ३०,०००।- भुक्तानी गर्दा १% रु. ३००।- मात्र कर कट्टी गरेको देखियो । उत्कृष्ट कर्मचारी पुरस्कार आन्तरिक श्रोतको आम्दानीबाट खर्च लेख्नुपर्नेमा वित्तीय समानिकरण अनुदानबाट खर्च लेखेको अनियमित देखिन्छ भने यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । ऐनको व्यवस्था अनुसार नपुग कर असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारी</th><th>पुरस्कार रकम</th><th>नपुग कर</th></tr>
<tr><td>१.</td><td>ना.सु. दिलिपकुमार यादव</td><td>१००००.००</td><td>२४००.००</td></tr>
<tr><td>२.</td><td>क.अ. देवकुमार कामती (करार)</td><td>१००००.००</td><td>२४००.००</td></tr>
<tr><td>३.</td><td>का.स. लालबहादुर श्रेष्ठ</td><td>१००००.००</td><td>२४००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३००००.००</td><td>७२००.००</td></tr>
</table></td><td>७२००/-</td></tr>
<tr><td>५८.</td><td>१३।०७४।११।३ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा बिल भरपाई जाँच गरी खर्च स्वीकृत गरेर लेखा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले नविन ईन्टरप्राईजेज अर्डर सप्लायर्स सिराहबाट ३४० थान १४४०।७५ का दरले कम्बल खरिद गरी रु.४८९,८५५।- खर्च लेखेकोमा माग फाराम, खरिद आदेश र दाखिला प्रतिवेदनमा संख्या मात्र खुलाएको तर स्टोर प्रमुख र कार्यालय प्रमुखले दस्तखत गरी प्रमाणित गरेको देखिएन । उक्त कम्बल वडा नं १ देखि ५ सम्मका बुढाबुढी तथा गरिव परिवारलाई वितरण गरेको जवाफ दिएतापनि वडाध्यक्षले बुझी लागेकोमा सम्बन्धितले बुझेको भरपाई पेश नभएको रु.
<table>
<tr><td>१</td><td>वडाध्यक्षले बुझेको</td><td>७१</td></tr>
<tr><td>२</td><td>” ”</td><td>७१</td></tr>
<tr><td>३</td><td>” ”</td><td>५६</td></tr>
<tr><td>४</td><td>वडाध्यक्ष राज कुमार यादवले बुझेको</td><td>७२</td></tr>
<tr><td>५</td><td>सदस्य मोहम्मद वकिलले बुझेको,</td><td>६५</td></tr>
<tr><td>६</td><td>इलाका प्रहरी कार्यालय, विष्णुपुर थुनुवा कैदीको प्रयोजनार्थ</td><td>५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४०</td></tr>
</table></td><td>४,८९,८५५/-</td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५९. | आयकर ऐन, २०५८ को दफा ८८ मा बैठक भत्ता, पटके पारिश्रमिक भत्तामा १५% र घर भाडा र गाडी भाडामा १०% करकट्टी गर्नुपर्ने व्यवस्था छ । निम्न भौचरबाट पारिश्रमिक, भत्ता र भाडामा बहाल कर कट्टी नगरेको, घटी कर कट्टी गरेको र कर कट्टी रकम घटी दाखिला रु. ५,६५०.०० देखियो । ऐनमा उल्लेखित दफा अनुसार लाग्ने कर असुलउपर गर्नुपर्ने रु. | ५६५०/- |

| गो.भा.नं. | विवरण | भुक्तानी रकम | लाग्नेकर | करकट्टी | दाखिला | नपुग कर |
|---|---|---|---|---|---|---|
| १९१-०७५/३/२७ | वडा नं. २ माबैठक भत्ता | ४५०००/- | ६७५०/- | ६७५०/- | ४५००/- | २२५०/- |
| १८९-०७५/३/२७ | वडाध्यक्ष कपिलदेव यादवको पेश्की फछ्र्यौट समेत रु. १४३३४१/– मध्ये गाडी भाडा | ३४०००/- | ३४०००/- | - | ३४००/- | ३४००/- |
| | | | | | जम्मा | ५६५०/- |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६०. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा रीतपूर्वकको विलभरपाई रहे नरहेको जाँच गरी खर्च स्वीकृत गरेर लेखा राख्नुपर्ने उल्लेख छ । क.अ.देव कुमार कामतीले उपभोक्ता समितहरुको अभिमूखीकरण तालिम सञ्चालन गर्न लिएको पेश्की रु. १,००,०००।- फछ्र्यौट र सोधभर्ना समेत रु.२,००,०००।- खर्च गर्न पेश भएको विल भरपाईमा निमन व्यक्तिले भरपाईमा रु.४८२५।- बुझेको देखिएन । बिल भरपाई भन्दा बढी खर्च असुलउपर गर्नुपर्ने रु. | ४८४५।- |

| नाम र पद | भत्ता रकम |
|---|---|
| गा.पा. अध्यक्ष जागेश्वर यादव | १०२०/- |
| वडाध्यक्ष जय कुमार यादव | १०२०/- |
| का.स.हिरालाल पासवान | १७००/- |
| क.अ. | ११०५/- |
| जम्मा | ४८४५।- |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६१. | लगबुक र प्रयोजन खुलाई तथा अनुगमन वा भ्रमण गर्दा प्रयोग भएको ईन्धन खर्चलाई पुष्टी गर्ने अनुगमन भ्रमण प्रतिवेदन समेत संलग्न गरी ईन्धन खर्चको बिल भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले निम्नानुसार रु. ९,७४,९१७।- ईन्धनको बिल राखी लकबुक प्रयोजन र अनुगमन भ्रमणको प्रतिवेदन संलग्न नगरी इन्धन खर्च लेखेको छ र रु. ६,३४,२६०।९६ भुक्तानी नभएको देखियो । इन्धन खर्चलाई बजेट खर्च शीर्षकको सिमा भित्र रही लगबुक र प्रयोजन खुल्ने आवश्यक प्रमाण लिएर मात्र भुक्तानी गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| गो.भा.नं. | विवरण | इन्धन खर्च |
|---|---|---|
| १४/०७४/११/३ | १३४७ लिटर डिजेलर र २८७ लिटर पेट्रोल | १४२,४६६.०० |
| ५९/०७४/१२/२९ | १०४१ लिटर डिजेल र ३८८ लिटर पेट्रोल | १२९,९३९.०० |
| ९३/०७५/२/१४ | - | १६२३५२.०० |
| १०९/०७५/२/२९ | २०७४।१२।२९ देखि ०७५।२।२५ सम्म | २४०१६०.०० |
| १८२/०७५/३/२७ | २०७५.२/१८ देखि ०७५/३/२५ सम्म रु.२००,०००/- अग्रिम समेत ( ५ वटा बिलको जम्मा रु. ९३४२६०/९६ मध्ये रु. ३ लाख भुक्तानी)<br>१) ०७५।२।१८ - ०७५।३।१८ १०५,६८२/२०<br>२) ०७५/२/२८ - ०७५/३/५ – २१५,७६९/-<br>३) ०७५/३/१४ - – १६१,९९९/६१<br>४) ०७५/३/१० - – २२१,१६४/९६<br>५) ०७५/३/२५ - – २२९६४५/१९<br>जम्मा : ९३४२६०/९६ | ३०००००.०० |
| | जम्मा | ९७४,९१७.०० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६२.</td><td>स्थानीय तहले आन्तरिक श्रोतबाट व्यहोर्ने गपरी कर्मचारीलाई खाजा, भत्ता, र प्रोत्साहन भत्ता जस्ता सुविधाहरु दिनुपर्ने आधार र औचित्य खुलाई गाउँसभाको स्वीकृति लिएर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले कार्यपालिकाको बैठकबाट बिहान बेलुका समेत बसी कार्य गर्नुपर्ने भनी माघ देखि आषाढसम्म खाजा खर्च रु.२०००।- र विशेष भत्ता रु.१०००।- समेत मासिक रु.३०००।- को दरल १३ कर्मचारीलाई रु.२०३,४००।- भुक्तानी गरेकोमा बिहान बेलुका बसी कार्य गरको कामको विवरण र हाजिरी पेश भएको छैन । गाउँपालिकाको कार्यबोझको स्पष्ट आधार खुलाई केही दिन महिना अतिरिक्त समयमा काम लगाई यस्तो मासिक सुविधा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ । नेपाल सरकारले तोकेको भन्दा बढी सुविधा दिने आधार र औचित्य स्पष्ट नभएको यस्तो खर्च लेख्ने कार्य उपयुक्त र नियमसंगत देखिएन । आयकर ऐन, २०५८ दफा ८८ मा पटके पारिश्रमिक तथा भत्तामा १५% कर लाग्नेमा घटी कर कट्टी गरेको देखियो नपुग कर असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>कर्मचारीको नाम</th><th>भत्ता रकम</th><th>लाग्ने कर</th><th>करकट्टी</th><th>नपुग कर</th></tr>
<tr><td>१.</td><td>प्र.पं अ. राम प्रमोद यादव</td><td>१८०००/-</td><td>२७०००/-</td><td>९००/-</td><td>१८००/-</td></tr>
<tr><td>२.</td><td>स्वा.सं.राम सेवक राय</td><td>१८०००/-</td><td>२७००/-</td><td>९००/-</td><td>१८००/-</td></tr>
<tr><td>३.</td><td>हे.अ. श्यामबाबु यादव</td><td>१८०००/-</td><td>२७००/-</td><td>९००/-</td><td>१८००/-</td></tr>
<tr><td>४.</td><td>ई. ओपेन्द्र कुमार यादव</td><td>१५०००/-</td><td>२२५०/-</td><td>७५०/-</td><td>१५००/-</td></tr>
<tr><td>५.</td><td>ले.पा. शेखर पराजुली</td><td>१५०००/-</td><td>२२५०/-</td><td>७५०/-</td><td>१५००/-</td></tr>
<tr><td>६.</td><td>स.ई. दुखी हरिजन</td><td>१८०००/-</td><td>२७००/-</td><td>९००/-</td><td>१८००/-</td></tr>
<tr><td>७.</td><td>स.ई. शत्रुघन कुमार साह</td><td>९०००/-</td><td>१३५०/-</td><td>४५०/-</td><td>९००/-</td></tr>
<tr><td>८.</td><td>ना.सु. दिलिप कुमार यादव.</td><td>१८०००/-</td><td>२७००/-</td><td>९००/-</td><td>१८००/-</td></tr>
<tr><td>९.</td><td>क.अ.देव कुमार कामती</td><td>१८०००/-</td><td>२७००/-</td><td>९००/-</td><td>१८००/-</td></tr>
<tr><td>१०.</td><td>सलेपा गंगाराम मण्डल</td><td>६०००/-</td><td>९००/-</td><td>३००/-</td><td>६००/-</td></tr>
<tr><td>११.</td><td>सम.वि.नि. शान्ता घिमिरे</td><td>१८०००/-</td><td>२७००/-</td><td>९००/-</td><td>१८०००/-</td></tr>
<tr><td>१२.</td><td>का.स.लाल बहादुर श्रेष्ठ</td><td>१६२००/-</td><td>२४३०/-</td><td>६३०/-</td><td>१८००/-</td></tr>
<tr><td>१३.</td><td>का.स. हिरालाल पासवान</td><td>१६२००/-</td><td>२४३०</td><td>६३००</td><td>१८००/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०५००/-</td><td>९८१०/-</td><td>२०७००/-</td></tr>
</table></td><td>२०७००/-</td></tr>
<tr><td></td><td>ना.सु. दिलिपकुमार यादवलाई २ वटा वडामा काम गरेको भनी मासिक कार्यपालिकाको ०७४।९।१८ को निर्णयले रु. ५,०००.०० का दरले १३ महिनाको रु. ६५,०००.०० प्रोत्साहन भत्ता भुक्तानी भएकोमा निजलाई माघ देखि आषाढसम्मको खाजा र प्रोत्साहन भत्ता भनी रु. १८,०००.०० दाहोरो सुविधा दिएको देखियो । एकै समयमा दोहोरो सुविधा दिन नमिल्ने हुदा कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु.</td><td>१७२५०.००</td></tr>
<tr><td></td><td><u>बित्तीय समानिकरण पूजिगततर्फ</u> :</td><td></td></tr>
<tr><td>६३.</td><td>गो.भौ.नं. १४।०७५।१।३१ : काम भएको बास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्दछ । वडा नं. ३ मा पक्की नाला निर्माण बापत उपभोक्ता समितिलाई रु. ६,३८,९८८.०० भुक्तानी भएकोमा सुख्खा बोल्डरमाथि पि.सि.सि. को कार्य नगरी सिधै आर.सि.सि. ढलानको कार्य गरेको देखिएकोले पि.सि.सि. आइटमको २.९६ घनमिटरको जम्मा रु. ३०६५६.६६ बढी भुक्तानी भएको असुलउपर गर्नुपर्ने रु.</td><td>३०६५६.६६</td></tr>
<tr><td>६४.</td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा कुन पनि निर्माण कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं. १२७।०७५।३।२७ बाट रु.</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | २,२२,०१७.०० को एन.पि. श्री १२०० एम.एम. २ थान, ९०० एम.एम. २ थान, ३०० एम.एम. ६ थान गरी १० थान हयूम पाइप खरिद गरेकोमा लागत अनुमान तयार गरेको छैन । रामदयाल यादवको घर देखि पूर्व हयूम पाइप सहित माटो र ग्राभेलको कार्यबापत गो.भौ.नं. ३५।०७५।२।१५ उपभोक्ता समितिलाई रु. ४,७८,६१८.०० भुक्तानी गरेकोमा लागत अनुमानमा ह्यूम पाइपको आइटम समाबेश नगरेको र नापी किताबमा हयूम पाइप जडान समेत भएको नदेखिएकोले प्रमाण पेश गर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु. | ४७८६१८.०० |
| ६५. | वर्षभरमा कार्य सम्पादन गरी कार्यान्वयनमा ल्याउने पूँजिगत प्रकृति जून आगामी दिनमा प्रतिफल दिन्छ त्यस्तो योजना छनौट गरी समग्र पालीकाको पूँजिगत संरचना सम्वन्धि स्थायीत्व प्रदान गर्न आमूलरुपले प्रतिफल दिने र पुँजिको निर्माण हुने एवं वस्तु तथा प्राप्त भएको सेवा र उपलब्धीको उपयोगिताको सिर्जना हुने गरी पूँजिगत योजना छनौट गर्नुपर्नेमा पूँजिगत वजेटमा चालु प्रकृतिका विशुद्धरुपले उपयोगिता नदिने योजना छनौट गरी कार्यान्वयनमा ल्याईनू उचित देखिएन । आर्थिक वर्ष २०७४।७५ मा स्वीकृत भएका योजना पूर्ण रुपले पूर्वाधार विकास सँग सम्वन्धित देखिएनन । सम्मान , यात्रा, जागरण, भ्रमण, महोत्सव, खेलकुद, म्यूजिक लगायतका प्रतिफल विहिन योजना छनौट गरी पूँजिगत वजेट वाट यस्ता कार्यक्रम संचालन गरिनू उपयूक्त हुदैन । यस्ता कार्यक्रमवाट वस्तुमा उपयोगिताको सिर्जना नगर्ने हुदाँ पूँजि निर्माण हुने संभावना न्यून रहने गर्दछ । पूँजिगत वजेटमा चालु प्रकृतिको खर्च गरिनूले मूल्यको सार्थकता नरहने र अनुदानको समावेशी विकास पनि हुन नसक्ने स्थितिले समग्र पूर्वाधार विकासमा असर परेको छ । चालु प्रकृतिका वितरण कारी खर्चलाई प्रश्रय नदिन र अगामी दिनमा यस्ता कार्यक्रम नियन्त्रण गर्न पालीका गंभिर वन्न आवश्यक छ। यस सम्वन्धि वडागत उदाहरण देहाय वमोजिम प्रस्तुत गरिएको छ। | |

| सि.नं. | कार्यक्रम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | अपांगता, महिलाहरुलाई सिपमूलक तालिम | १ | १०००००.०० |
| २ | आदिवासी जनजाती समुदायलाई सिपमूलक तालिम | १ | ५००००.०० |
| ३ | दलित वर्गका लागि सिपमूलक तालिम | १ | १०००००.०० |
| ४ | वालवालिकालाई नेतृत्व बिकास कार्यक्रम | २ | ५००००.०० |
| ५ | कृषक समूह तालिम | २ | १५००००.०० |
| ६ | दलित बर्ग चेतना तथा उत्थान | २ | १०००००.०० |
| ७ | स्वयंसेविका प्रोन्साहन | २ | ६००००.०० |
| ९ | क्रिकेट टोलि पुरस्कार | ३ | ५००००.०० |
| १० | जेष्ठ नागरिक सम्मान | ३ | ५००००.०० |
| ११ | महिला जीवनस्तर तालिम | ३ | ५००००.०० |
| १२ | बालबालिका सम्मान | ४ | २५०००.०० |
| १३ | जेष्ठ नागरिक झुल बितरण | ५ | १०००००.०० |
| १४ | म.स्वा.से. खाजा भत्ता | ५ | ५४०००.०० |
| | जम्मा | | ९३९०००.०० |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६६. | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कवुल गरेमा कबुल अंकको ५ प्रतिशत, १५ प्रतिशतभन्दा बढी घटेर कवुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति घटेर कबुल गरेको छ त्यसको ५० प्रतिशतले हुन आउने रकम कवुल अंकको ५ प्रतिशतमा थपघट कार्यसम्पादन बापत दाखिला गर्नुपर्ने व्यवस्था भएको निम्नानुसारको ठेक्कामा निर्माण व्यवसायीले घटी कार्यसम्पादन जमानत राखेको हुंदा कार्यसम्पादन जमानत राख्नुपर्ने रु. | २८०४५८२.०० |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | ल.ई. रकम | कवोल अंक | घटी/ वढी प्रतिशत | घटी रकम | ५० % लिनुपर्ने परफरमेन्स रकम | लिनुपर्ने परफरमेन्स रकम | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|---|
| ०७-२०७४-०७५ | Ambe Bulders Pvt. Ltd. Kathmandu-15 | १९४६३९४१/७० | १०२९७१४५/३४ | -४७.१० | ९१६६७९६.०० | ३८९५८८८.०० | ४४१०७४५.०० | ७७२२८५.०० |
| ०८-२०७४-०७५ | Road Link Construction Janakpur-2, Dhanusha | ११२२८५८८/८८ | ६२८३३७७/४३ | -४४.०४ | ४९४५१११.०० | २१०१७७२.०० | २४१५९४०.०० | ४७१२९१.०० |
| ०९-२०७४-०७५ | Road Link Construction Janakpur-2, Dhanusha | १२३६७४२०/४३ | ७०२५२१०/०० | -४३.२० | ५३४२२१०.०० | २२७०४३९.०० | २६२१७००.०० | ५२६८५०.०० |
| ०१०।२०७४।०७५ | Road Link Construction Janakpur-2, Dhanusha | १२३६७४२०/४३ | ७०२५२१०/०० | -४३.२० | ५३४२२१०.०० | २२७०४३९.०० | २६२१७००.०० | ५२६८५०.०० |
| ०११।२०७४।०७५ | Jyoti Construction, Gol Bajar Municipality-4 | १२३६७४२०/४३ | ६७६४१२५/७६ | -४५.३१ | ५६०३२९४.०० | २३८१४००.०० | २७१९६०६.०० | ५०७३०६.०० |
| | | | | | | | | २८०४५८२.०० |

६७. बिष्णुपुर गाउंपालिकाको यान्त्रिक उपकरण आपूर्ति अन्तर्गत ठेक्का नं. ४।०७४।७५ हाइड्रोलिक ट्रली सहितको खरिद कार्यको रु. १२,७५,७७०.०० (भ्याट, इन्सुरेन्स, ट्रान्सपोर्टेसन सहित) ठेक्का केशरीचन्द भनवरलाल बरगाछी, बिराटनगरलाई मिति ०७५।१०।१० मा सम्झौता गरी मिति ०७५।२।२ गतेभित्र कार्यसम्पन्न गर्ने गरी कार्यादेश भएकोमा निज आपूर्तीकर्ताले ०७५।२।२ भित्र कार्यसम्पन्न गर्न नसकेको हुदा कार्यालयले ०७५।२।९ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम तथा गाउंपालिकाको मिति ०७५।२।८ को निर्णयानुसार संझौता अन्त गरी मिति ०७५।२।१३ मा आपूर्तीकर्ता केशरीचन्द भनवरलालको सनराइज बैंक लिमिटेड, शाखा कार्यालय विराटनगरको कार्यसम्पादन ग्यारन्टी नं. SR26 -PB-036/18 वाट रु. १,४७,०००.०० जफत गरी गाउंपालिकाको धरौटी खातामा जम्मा गरिदिन पत्र लेखेको देखियो । तर उक्त रकम जफत भई कार्यालय दाखिला भएको नदेखिएकोले अविलम्व जफत गरी राजश्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु. — १४७०००.००

६८. **थप व्ययभार** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सबैलाई सहभागी हुन समान अवसर प्रदान गर्न शिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले शिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान नगरी सोझै खरिद गरेको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) मा निकायले मालसामान, निर्माण कार्य र सेवा खरिद गर्नु अधि त्यस सम्वन्धी स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य बिवरण तयार गर्नुपर्ने र दफा ५(१) मा कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा दफा ५(क) मा उक्त विवरण र लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । .निम्न गो.भौ.नं. र मितिबाट विष्णपुर गा.पा. कार्यालयमा बिद्युतीकरण र अन्य काम गराएको रु. १९७३९५९.०० खर्च लेखेको देखियो । गाउंपालिका कार्यालय भाडामा रहेको अवस्थामा बिद्युतिकरण र अन्य कार्य गराई थप व्ययभार पारेको साथै इष्टिमेट र कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएको रु. — १९७३९५९.००

| सि.नं. | गो.भौ.नं. | फर्मको नाम | योजनाको नाम | बिल |
|---|---|---|---|---|
| १. | ३/०७४/११/३ | खुश्वु हार्डवेयर | विष्णु गा.पा.को कार्यालय | ४९६९३८.०० |
| २. | १४२/०७५/३/२७ | चण्डिका ट्रेडिङ | विष्णु गा.पा.को कार्यालय | ४९१९४६.०० |
| ३. | १४३/०७५/३/२७ | सनराइज ट्रेड एण्ड जेनरल सप्लायर्स | विष्णुपुर गा.पा.को कार्यालय | ४९२७९३.०० |
| ४. | १४१/०७५/३/२७ | लक्ष्मी निर्माण सेवा | विष्णुपुर गा.पा.को कार्यालय | ४९२२८२.०० |
| **जम्मा** | | | | **१९७३९५९.००** |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६९.</td><td>गो.भौ.नं. २०।०७५।२।१५: आर्थिक नियमावली, २०६४ को नियम ३६(३) मा कुनै पनि खर्च भुक्तानी गर्दा सोको विल भर्पाइ तथा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले डायनामिक टेक्नेसफ्ट प्रा.लि. वीरगंजलाई Result Processing Software कार्य गरेको रु. ८४,७५०.०० भुक्तानी दिएकोमा कार्य सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, वारेन्टी नभएको र कर बिजक फोटोकपी बिल भएकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>७४७५०.००</td></tr>
<tr><td>७०.</td><td>गो.भौ.नं. ६०।०७५।३।२० : आर्थिक नियमावली, २०६४ को नियम ३६(३) मा कुनै पनि खर्च भुक्तानी गर्दा सोको विल भर्पाइ तथा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ। कोटेशनबाट ट्यूवेल आपूर्ती गरेको राहुल जेनरल सप्लायर्सको बिजक नं. १।०७५।३।४ लाई बिल मूल्य रु. ४४७७००.०० मू.अ.कर रु. ५८,२०१.०० गरी रु. ५,०५,९०१.०० भुक्तानी भएकोमा कस्लाई बितरण गरेको हो त्यसको भरपाई पेश नभएको र ट्यूवेल जडान गरेको कार्यसम्पन्न प्रतिवेदनसमेत पेश नभएको रु.</td><td>५०५९०१.००</td></tr>
<tr><td>७१.</td><td>गो.भौ.नं. १२१।०७५।३।२७ : विष्णुपुर गाउंपालिका वडा नं. ३ को दिनाभद्री अखरा देखि पश्चिम सुकठोर शाखासम्म पक्कीनाला निर्माण तथा तथा ग्राभेल कार्य उपभोक्ता समितिबाट निर्माण कार्य गराई विभिन्न व्यक्तिलाई भुक्तानी दिदा सा.सु. कर रु. १,८६०.००, ढुवानी भाडाकर रु. १७,८००.०० र अग्रिम कर रु. ३,०२२.५० समेत रु. २२,६८२.५० कर कट्टी गरेको दाखिला नगरेको हुदा दाखिला गर्नुपर्ने रु.</td><td>२२६८२.५०</td></tr>
<tr><td>७२.</td><td>आयकर ऐन, २०५८ को दफा ८८ मा ढुवानी भाडा भुक्तानी दिदा १० प्रतिशत अग्रिम कर अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार बिजक जारी नगरी भरपाईको आधारमा भुक्तानी दिदा १.५ प्रतिशत मात्र कर कट्टी गरेको हुंदा नपुग कर असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं. र मिति</th><th>योजनाको नाम र ढुवानी</th><th>भुक्तानी रकम</th><th>अग्रिम कर</th></tr>
<tr><td>१.</td><td>१७/०७५/२/६</td><td>गाडियाको टान्सफरमर देखि विष्णुपुरसम्म माओवादी रडकमा ट्याक्टरबाट बालुवा ढुवानी</td><td>१११८००.००</td><td>९५०३.००</td></tr>
<tr><td>२.</td><td>१५/०७५/२/६</td><td>वडा नं.२ ढलान कार्यमा गिटी बालुवा ढुवानी</td><td>८४०००.००</td><td>७१४०.००</td></tr>
<tr><td>३.</td><td>१६/०७५/२/९</td><td>वडा नं २ घुरनको घर देखि रामकरणको घरसम्म ग्राभेल गनु कार्यमा गिटी, वालुवा ढुवानी</td><td>६६०००.००</td><td>५६१०.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२२५३.००</td></tr>
</table></td><td>२२२५३.००</td></tr>
<tr><td>७३.</td><td>पेश्की: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) बमोजिम व्यक्ति, फर्म, संघ, संस्थाको पेश्की फछ्र्यौट सो नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट नभई बाँकी देखिएको तपसिल बमोजिमको मोबिलाईजेशन पेश्की रकम नियमानुसार फछ्र्यौट हुनु पर्ने रु....
<table>
<tr><th>सि. नं.</th><th>गो.भौ.नं.</th><th>नाम</th><th>बिवरण</th><th>पेश्की रकम</th></tr>
<tr><td>१.</td><td>०७५।३।२१</td><td>रोडलिंक कन्सट्रक्सन जनकपुर</td><td>मोबिलाइजेसन पेश्की</td><td>१२४३४००.००</td></tr>
<tr><td>२.</td><td>०७५।३।२१</td><td>रोडलिंक कन्सट्रक्सन जनकपुर</td><td>मोबिलाइजेसन पेश्की</td><td>१११२१०२.००</td></tr>
<tr><td>३.</td><td>०७५।३।२१</td><td>रोडलिंक कन्सट्रक्सन जनकपुर</td><td>मोबिलाइजेसन पेश्की</td><td>१२४३४००.००</td></tr>
<tr><td>४.</td><td>०७५।३।२१</td><td>ज्योति कन्सट्रक्सन</td><td>मोबिलाइजेसन पेश्की</td><td>११९७०००.००</td></tr>
<tr><td>५.</td><td>२०७५।३।२८</td><td>स ले प गंगाराम मंडल</td><td>घर भाडा</td><td>५७००.००</td></tr>
<tr><td>६.</td><td>०७५।३।२५</td><td>सचिब सचिता कर्ण</td><td>तालिम संचालन</td><td>१०००००.००</td></tr>
<tr><td>७.</td><td>०७४।१२।०२</td><td>का स लाल बहादुर श्रेष्ठ</td><td>कार्यालय संचालन</td><td>१०००००.००</td></tr>
<tr><td>८.</td><td>०७४/१२/२६</td><td>वडाध्यक्ष राम इश्वर यादव</td><td>कार्यालय संचालन</td><td>२०००००.००</td></tr>
<tr><td>९.</td><td>०७५/३/२६</td><td>वडाध्यक्ष ५ कपिलदेव यादव</td><td></td><td>१०००००.००</td></tr>
<tr><td>१०.</td><td>०७५/३/२१</td><td>सहिद राजेश ठाकुर स्कुल</td><td></td><td>५००००.००</td></tr>
<tr><td>११.</td><td>०७५/१/२७</td><td>वडा नं. ४ को कार्यालय राजकुमार</td><td></td><td>१०००००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५४५१६०२.००</td></tr>
</table></td><td>५४५१६०२.००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>७४.</td><td><u>वित्तीय समानिकरण कृषि तर्फ</u> :<br>आर्थिक नियमावली, २०६४ को नियम ३६(३) मा कुनै पनि खर्च भुक्तानी गर्दा सोको विल भर्पाइ तथा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । प्रा.स. शिवशंकर यादवलाई विभिन्न मितिमा कार्यक्रम सञ्चालन गर्नको लागि दिएको पेश्की रु. ५,२४,०००.०० फछ्र्यौट गर्दा चन्दन कृषि सामुदायिक सहकारी संस्थाबाट निम्नानुसार बिउ खरिद गरी वितरण गरेकोमा कृषकको नागरिकता, सिफारिशको कागजात पेश नभएको र तरकारीको बिउको परिमाण नखोली प्रति पाकेटको मात्र दर पेश नभएकोले प्याकेट भित्रको परिमाण र कृषक पहिचानको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>बिल मिति</th><th>बिउको नाम</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>२२८/०७५/२/१६</td><td>तरकारी बिउ कम्पोजिट पाकेट (हाइब्रिड)</td><td>३०० पाकेट</td><td>५००</td><td>१५००००.००</td></tr>
<tr><td>२.</td><td>२२९/०७५/२/१६</td><td>,, ,,</td><td>३०० पाकेट</td><td>५००</td><td>१५००००.००</td></tr>
<tr><td>३.</td><td>२२६/०७५/२/१२</td><td>लाल बासमती धानको बिउ</td><td>२००० पाकेट</td><td>८४</td><td>१६८०००.००</td></tr>
<tr><td>४.</td><td>२२७/०७५/२/१३</td><td>स्वर्ण सव १ धानको बिउ</td><td>१००० पाकेट</td><td>५६</td><td>५६०००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२२५३.००</td><td>५२४०००.००</td></tr>
</table></td><td>५२४०००.००</td></tr>
<tr><td>७५.</td><td><u>पशु सशर्त तर्फ :</u><br>गो.भौ.नं. ६-२०७५/३/१७ : अरुण कुमार यादवको पेश्की रु.४,००,०००।- फछ्र्यौट गरी रु.१,७७,८८०।- सोधभर्ना भुक्तानी लिएको खर्चका विल भरपाई परीक्षण गर्दा सहभागीहरुको लागि कापि, कलम जस्ता स्टेशनरी सामान खरिद गरेको भएतापनि बुझेको भरपाई पेश नभएको, चन्दन कृषि सामूदायिक सहकारी संस्था लि. लक्ष्मीनियां ६ सिरहावाट रियोसेटी घांसको वीउ ५०० के.जी खरिद गरेर वितरण गरेको भरपाई पेश भएकोमा कुन कुन दिन वितरण गरेको मिति उल्लेख नभएको, वितरण गर्दा कुन कुन व्यक्तिको रोहवरमा गरेको नखुलेको र वितरण गर्दाको अवस्थाको फोटो संलग्न रहेको देखिएन । कार्यक्रम खर्चलाई पारदर्शी र नियमसम्मत वनाउन उल्लेखित आधारहरु खुलाउन ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.</td><td>८-२०७५/३/२७ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२) वमोजिम रु. २० हजार भन्दा वढीको सामान खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थासंग गर्नुपर्नेमा गिता एग्रोभेट कन्सर्नवाट सेन्ट्रीफ्यूज मेशिन माइक्रोस्कोप लगायत ७ प्रकारका सामानहरु खरिद गरी रु.७९,९५०।- सोही सहकारी संस्थावाट रु. ५०,०००।- को १० थान मिल्क क्यान खरिद गर्दा समेत मू.अ.कर दर्ता नभएको पार्टीवाट खरिद गरेको देखियो । उक्त मिल्क क्यानहरु ८ जनालाई वितरण गरेकोमा वितरण गरेको मिति नखुलेको, क्यान वितरण गर्ने कार्यक्रम नराखेको, वितरण गरिएको व्यक्तिहरु छनौट गर्ने आधार नभएको, अन्य व्यक्तिहरुको रोहवरमा नभएको, मिल्क क्यान प्रयोग गरे नगरेको कार्यालयवाट अनुगमन गरेको देखिएन । मू.अ.करमा दर्ता नभएको पार्टीवाट खरिद गरेको अनियमित रु-</td><td>१२९९५०.००</td></tr>
<tr><td>७७.</td><td>प.से.प्रा. अरुण कुमार यादवको रु. १,२५,०००।- पेश्की फछ्र्यौट गरी थप भुक्तानी रु.२,९२,९८०।- दिएको खर्चका विल भरपाईहरु परीक्षण गर्दा अनुगमन मूल्यांकन भनी पशुपन्छी फार्म, औषधी पसल, दाना पसल, मासु पसलमा निरीक्षण गर्दा देखिएका कमी कमजोरीहरुलाई क्रमिक रुपमा सुधार गर्न सुझाव दिएकोमा सोको प्रतिवेदन पेश नभएको, वहुवर्षिय नेपियर अम्रिसो घाँस खेतीको विउ वितरण गर्दा कार्यक्रमको सार्वजनिक स्थलहरुमा सूचना टाँस नगरेको बितरणमा सहभागी अन्य व्यक्ति, वितरण भएको दिन उल्लेख गरेको देखिएन । कार्यक्रम खर्चलाई पारदर्शी र नियमसम्मत रुपमा गर्न उल्लेखित आधारहरु स्पष्ट खुलाउन ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>७८.</td><td>पशुलाई खोप लगाउने कार्यमा संलग्न पशु सेवा प्राविधिक समेत ५ जना प्राविधिक र १ जना का.स.लाई रु. ३५,०००।- पारिश्रमिक वितरण गर्दा आयकर ऐन, २०५८ अनुसार पारिश्रमिक कर १५ प्रतिशत कट्टी नगरी भुक्तानी गरेको छ । निजहरुवाट उक्त कर असुलउपर गर्नुपर्ने रु-
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>भुक्तानी रकम</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>प.से.प्रा. अरुण कुमार यादव</td><td>६०००.००</td><td>९००.००</td></tr>
<tr><td>२</td><td>प्रा. संजिव कुमार यादव</td><td>७०००.००</td><td>१०५०.००</td></tr>
<tr><td>३</td><td>प्रा. प्रभु नारायण चौधरी</td><td>६०००.००</td><td>९००.००</td></tr>
<tr><td>४</td><td>प्रा. विनय कुमार यादव</td><td>६०००.००</td><td>९००.००</td></tr>
<tr><td>५</td><td>प्रा. श्याम कुमार यादव</td><td>६०००.००</td><td>९००.००</td></tr>
<tr><td>६</td><td>का.स. गुरुदेव यादव</td><td>४०००.००</td><td>६००.००</td></tr>
<tr><td colspan="3">जम्मा:</td><td>५२५०.००</td></tr>
</table></td><td>५२५०.००</td></tr>
<tr><td>७९.</td><td>९-२०७५/३/२७ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले रु.२० हजार भन्दा वढीको कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि करमा दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कर्यालयले ६० हजारको फर्निचरको सामानहरु खरिद गर्दा एकै प्रकारका एउटै संस्थावाट खरिद गरेकोमा फरक फरक मिति पारेर २० हजार भन्दा कमको विल प्रयोग गरेको देखियो । टुक्रा टुक्रा नियमको पालना नगरी खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>विजक नं. मिति</th><th>संस्थाको नाम</th><th>सामान</th><th>थान</th><th>मू.अ.कर रकम</th></tr>
<tr><td>११९-२०७५/३/१६</td><td>शाह ट्रेडर्स विष्णुपुर ६ सिराहा</td><td>गोदरेज दराज</td><td>१</td><td>१५०००.००</td></tr>
<tr><td>११८-२०७५/२/२९</td><td>शाह ट्रेडर्स विष्णुपुर ६ सिराहा</td><td>टेवुल</td><td>१</td><td>१०५००.००</td></tr>
<tr><td>११७-२०७५/२/१३</td><td>शाह ट्रेडर्स विष्णुपुर ६ सिराहा</td><td>र्‍याक</td><td>१</td><td>१९५००.००</td></tr>
<tr><td>११६-२०७५/१/२८</td><td>शाह ट्रेडर्स विष्णुपुर ६ सिराहा</td><td>अफिस चियर</td><td>१</td><td>१५०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>६००००.००</td></tr>
</table></td><td>६००००.००</td></tr>
<tr><td>८०.</td><td><u>सामाजिक सुरक्षा भत्तातर्फ :</u><br><br>पेश्की बांकी : गो.भौ.नं. ७-२०७४/७/३० : विष्णुपुर गाउँपालिकाको वडा नं. ४ का सचिव संचिता कर्णलाई थप पेश्की भनेर रु.४,६७,६००।- भुक्तानी दिएकोमा उक्त रकम वैंक नगदी कितावको पेश्की पाएको महलमा नजनाएको र खातामा अभिलेख गरेको पनि देखिएन । उक्त पेश्की अभिलेख राखी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.</td><td>४६७६००.००</td></tr>
<tr><td>८१.</td><td><u>पेश्की</u> : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) बमोजिम व्यक्ति, फर्म, संघ, संस्थाको पेश्की फछ्र्यौट सो नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न वडा सचिवहरुलाई दिएको पेश्की रु. ९५४५६००.०० फछ्र्यौट वैंक नगदी कितावको बजेट खर्च महलमा पेश्की फछ्र्यौटलाई कोष्ठभित्र र सो मुनी खुद खर्च उल्लेख गर्नुपर्नेमा नगरेको र बिलभरपाई भिड्ने गरी पेश गरेकोको छैन । निम्नानुसार पेश्की फछ्र्यौट रकमको बिल भरपाई तथा बांकी रकम बेरुजु दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>११-२०७५.१.३</td><td>वडा नं. ५ लालवावु पासवान</td><td>२३११६००.००</td></tr>
<tr><td>१२-२०७५/१/३</td><td>वडा नं. १ निलम कर्ण</td><td>२४३२८००.००</td></tr>
<tr><td>१३-२०७५/१/३</td><td>वडा नं. २ र ३ जय कुमार यादव</td><td>२९३३६००.००</td></tr>
<tr><td>१४-२०७५/१/७</td><td>वडा नं. ४ संचिता कर्ण</td><td>१८६७६००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९५४५६००.००</td></tr>
</table></td><td>९५४५६००.००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>८२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७२ मा सामाजिक सुरक्षा भत्ता बापतको रकम पहिलो किस्ता असोज दोश्रो हप्तासम्म, दोश्रो किस्ता फाल्गुणको दोश्रो हप्तासम्म र तेश्रो किस्ता जेष्ठको दोश्रो हप्तासम्ममा बितरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार वडा सचिवहरुलाई सामाजिक सुरक्षा तथा बालपोषण भत्ता बितरण नगरी रु.१,८९,३०,८००.०० पेश्की बांकी राखेको देखियो । अत: आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७९ र ८४ अनुसार कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१६-२०७५/१/७</td><td>वडा नं. ३ जय कुमार यादव</td><td>१५०००००.००</td></tr>
<tr><td>२३-२०७५/१/१९</td><td>वडा नं. ३ जय कुमार यादव</td><td>३७१०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८७१०००.००</td></tr>
<tr><td>१७-२०७५/१/७</td><td>वडा नं. २ संचिता कर्ण</td><td>२००००००.००</td></tr>
<tr><td>२५-२०७५/२/१९</td><td>वडा नं. २ संचिता कर्ण</td><td>३२१६००.००</td></tr>
<tr><td></td><td>वडा नं. २ संचिता कर्ण</td><td>२३०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६२१६००.००</td></tr>
<tr><td>१८-२०७५/१/७</td><td>वडा नं. ४ लालवावु पासवान</td><td>१५०००००.००</td></tr>
<tr><td>२१-२०७५/१/१९</td><td>वडा नं. ४ लालवावु पासवान</td><td>३८००००.००</td></tr>
<tr><td>२८-२०७५/३/२७</td><td>वडा नं. ४ लालवावु पासवान</td><td>१८२५०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७०५०००.००</td></tr>
<tr><td>१९-२०७५/१/७</td><td>वडा नं. १ दिलिप कुमार यादव</td><td>१८०००००.००</td></tr>
<tr><td>२२-२०७५/१/१९</td><td>वडा नं. १ दिलिप कुमार यादव</td><td>६०००००.००</td></tr>
<tr><td>२८-२०७५/३/२७</td><td>वडा नं. १ दिलिप कुमार यादव</td><td>२३०००००.००</td></tr>
<tr><td>२८-२०७५/३/२७</td><td>वडा नं. १ दिलिप कुमार यादव</td><td>१८५००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६५५००००.००</td></tr>
<tr><td>२७-२०७५/३/२७</td><td>वडा नं.२ निलम कर्ण</td><td>१०८३२००.००</td></tr>
<tr><td>२८-२०७५/३/२७</td><td>वडा नं.२ निलम कर्ण</td><td>११०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१८३२००.००</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>१८९३०८००.००</td></tr>
</table></td><td>१८९३०८००.००</td></tr>
<tr><td>८३.</td><td><u>मोटरसाइकल खरिद :</u> गो.भौ.नं. ३७(ख)-२०७५/२/३१ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा कार्यालयले कार्यालय प्रयोजनको लागि आन्तरिक स्रोत समेतवाट गाडी, मोटरसाइकल जस्ता सवारी साधनहरु खरिद गर्नुपूर्व सरकारी व्ययभार थप हुने विषयमा अर्थ मन्त्रालयको सहमती लिनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष रमन अटोमोवाइल्स सेन्टर सिरहा ७ बाट ४ वटा यामहा मोटरसाईकल रु. ८,३९,६००.०० मा खरिद गर्दा अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । यसरी दिर्घकालिन रुपमा मर्मत सम्भार तथा इन्धन खर्च बढ्ने बिषयमा अर्थ मन्त्रालयको सहमति लिएर आवश्यक कार्यको लागि खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८४.</td><td>मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई नियमानुसार कर विजक दिनुपर्ने र आयकर ऐनको दफा ९०(१) मा अग्रिम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विभागले तोकेको ढांचामा विभागमा विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रमन अटोमोवाइल्स सेन्टर सिराहावाट रु.८,३९,६००।- मा चारवटा यामाहा मोटरसाईकल खरिद गरेकोमा प्राप्त भएको नं. १२४, १२५, १२६ र १२७ नं. का विजकहरु सक्कल पेश नभई प्रतिलिपि पेश भएको र विजक नं. हातले लेखेको पाइयो । हातले लेखेको विजकको मू.अ.कर रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला नहुन सक्ने हुनाले उक्त बिजक नं. बाट करदाखिला भएको कर समायोजनको प्रमाण गर्नुपर्ने रु-</td><td>१११४५.१३</td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ८५. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी वांधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेको ४ थान मोटरसाईकल जिन्सी किताबमा आम्दानी वांधेको पाइएन । वडा सचिवहरुलाई बुझाएको भरपाई संलग्न गरी आम्दानी नवांधेकोले सामान प्राप्त भएको र हालको अवस्थामा एकिन नहुने हुंदा जिन्सी खातामा स्पेसिफिकेशन खुलाएर आम्दानी वांधी प्रयोग गर्नेको सहायक खाता राखी प्रमाण पेश गर्नुपर्ने रु. | ८३९६००.०० |
| ८६. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले सामान खरिद गरी विलको भुक्तानी गर्दा रिटेन्सन मनी वापत विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मोटरसाईकल खरिदको रकम रु.८,३९,६००।- (मू.अ.कर समेत) भुक्तानी गर्दा ५ प्रतिशत धरौटी रु.३७,१५०।- कट्टा गरेको देखिएन । धरौटी कट्टी नगर्दा पाउनु पर्ने सुविधा नपाउन पनि सकिने हुंदा खरिद सम्झौता अनुसार ५ प्रतिशत धरौटी कट्टी गर्ने र आर्थिक वर्ष समाप्त भएपछि कर समायोजन पत्र लिएर मात्र फिर्ता गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ८७. | **विमा :** गो.भौ.नं. ३६-२०७५/२/३१ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा सरकारी रकम खर्च गर्दा कार्यक्रम अनुसार रितपूर्वकका बिलभरपाई तथा अन्य कागजात रहे नरहेको जांच गरी खर्च स्वीकृत गरेर मात्र लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले चारथान यामाहा मोटरसाईकल खरिदको लागि अरुण अटोमोवाइल्स सेन्टरलाई कार्यादेश दिंदा खरिद रकम रु.८,३९,६००।- मा मू.अ.कर, इन्सुरेन्स र ट्रान्सपोर्टेशन समेत भनेर दिएको देखिन्छ । कार्यालयले संझौताभन्दा बढी हुने गरी रु.१६,३५३।३६ वीमा खर्च भुक्तानी दिएको रकम असुलउपर गर्नुपर्ने रु- | १६३५३.३६ |
| ८८. | **सर्भिसिङ्ग चार्जः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा सरकारी रकम खर्च गर्दा कार्यक्रम अनुसार रितपूर्वकका बिलभरपाई तथा अन्य कागजात रहे नरहेको जांच गरी खर्च स्वीकृत गरेर मात्र लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७५।२।११ मा चारवटा मोटरसाईकल रमन अटोमोवाइल्स सेन्टर सिरहा ७ को विजक नं. १२४, १२५, १२६ र १२७ मिति २०७५।२।११ को विलवाट खरिद गरेको देखिन्छ । सोही मोटरसाईकल रमन अटोमोवाइल्स सेन्टरको ४६ नं. विजकवाट मिति २०७५।१।३० मानै सर्भिसिङ्ग गरी रु.४,४७९।९५ (मू.अ.कर समेत) भुक्तानी गरेकोले उक्त सामान खरिद गर्नु पूर्वको विलवाट भुक्तानी भएको सर्भिसिङ्ग चार्ज असुलउपर गर्नुपर्ने रु- | ४४७९.९५ |
| ८९. | **वेरुजु लगत तथा फछ्र्यौट स्थिति -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखापरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूहरु सम्वन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्वन्धित कार्यालयले फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले बेरुजुको लगत अद्यावधिक गरी सम्परिक्षण गराएको देखिएन । अतः साविक गा.वि.स. हरुको समेत बेरुजु लगत राखी प्रमाण कागजात जुटाई फछ्र्यौट गर्न ध्यान दिनुपर्दछ । | |
| ९०. | **वेरुजूः** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने वेरुजू रु.९६ लाख २३ हजार, अनियमित वेरुजू रु.५ लाख ०९ हजार, प्रमाण कागजात पेश नभएको रु.८० लाख १६ हजार र पेश्की बाँकी देखिएको रु.३ करोड ४५ लाख ०६ हजार समेत रु.५ करोड २६ लाख ५४ हजार वेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त हुन नआएकोले रु.५ करोड २६ लाख ५४ हजार कायम गरिएको छ । | |
| ९१. | **अनुगमन तथा मूल्यांकनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले वेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको ८४(२)(घ) वमोजिम वेरुजू फछ्र्यौट गर्ने | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गतवर्षको वेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको वेरुजू स्थिति निम्नानुसार देखिएको छ ।<br>(रु.हजारमा)
<table>
<tr><th>गतवर्षको वेरुजू रकम (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C=A-B)</th></tr>
<tr><td>२७११०</td><td>-</td><td>२७११०</td></tr>
</table></td><td></td></tr>
<tr><td>९२.</td><td>अद्यावधिक वेरुजू स्थितिः विष्णुपुर गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बांकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ ।<br>(रु.हजारमा)
<table>
<tr><th>गतवर्षको फछ्र्यौट गर्न बांकी (C)</th><th>यो वर्षको सं.प.वाट कायम वेरुजू (D)</th><th>यो वर्षको कायम वेरुजू (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>२७११०</td><td>-</td><td>५२६५४</td><td>७९७६४</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची- १

# विष्णुपुर गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिरहा | विष्णुपुर गाउँपालिका | ४४ | ४० | ५२६५४ | ० | ० | ० | ४४ | ४० | ५२६५४ | ९६२३ | ५०९ | ८०१६ | ० | ० | ८५२५ | २९०५४ | ५४५२ | ३४५०६ |

अनुसूची- २

# स्थानीयतह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १. | विष्णुपुर गाउँपालिका | सिरहा | ६७४२ | ११९५९४ | ८५२४९ | ३७१९ | २०८५६२ | ९९४४२ | ५६९६७ | ९८६ | १५७३९५ | ५७९०९ |